"विवधतामा एकताः सुशासन र समृद्धि हाम्रो प्रतिवद्धता"


महाङ्काल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोटिखेल, ललितपुर

बागमती प्रदेश, नेपाल


# नीति तथा कार्यक्रम

# २०८२/०८३


पेश भएको मितिः २०८२ आषाढ १० गते मंगलबार।

सभाबाट स्वीकृत मितिः २०८२ आषाढ १५ गते रोज १ शुभम्

महाङ्काल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोटीखेल, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

"विविधतामा एकताः सुशासन र समृद्धि हाम्रो प्रतिवद्धता"

**आर्थिक वर्ष २०८२।८३ को लागि प्रस्तावित नीति तथा कार्यक्रमः**

महाङ्काल गाउँपालिकाको गाउँ सभाको १७ औं अधिवेशनको नीति तथा कार्यक्रममा उपस्थित हुनु हुने सम्पूर्णमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु। महाङ्काल गाउँपालिकाको दिगो विकासको मार्गचित्रको रूपमा आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ। सीमित स्रोत र साधनबाट असीमित आवश्यकताहरू सम्बोधन गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो। तथापि अधिकतम जनसहभागिता, सहकार्य र साझेदारीमा यस गाउँपालिकामा विकास गर्नु र यहाँका जनताको मुहारमा खुसी भर्नु हाम्रो परम कर्तव्य हो। महाङ्काल बासीले हामीलाई दिनुभएको अभिमत र जिम्मेवारी पनि यही हो।

ललितपुर जिल्लाका ६ वटा स्थानीय तहहरूमा दक्षिणपूर्वी भेगमा अवस्थित महाङ्काल गाउँपालिकाले आफ्नो बेग्लै पहिचान बोकेको छ। विविध जाति, भाषा, धर्म, कला र संस्कृतिको सुन्दर संयोजनबाट बनेको महाङ्काल गाउँपालिका प्राकृतिक र सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण छ। भौगोलिक विकटता र विषमताको बाबजुद पनि गाउँपालिकामा विकासका प्रचुर सम्भावनाहरू छन्। खासगरी कृषि, पशुपालन तथा पर्यटन नै विकासका प्रमुख आधार हुन्। यहाँका प्राकृतिक स्रोत र साधनहरू, सांस्कृतिक सम्पदाको सही सदुपयोग गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, कृषि तथा पशुपालन, उद्योग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र, रोजगारी, संस्कृति, खेलकुद तथा मनोरञ्जन, पूर्वाधार विकास, वातावरण लगायत समग्र पक्षको विकासका लागि हामी क्रियाशील छौं। "विविधतामा एकता सुशासन र समृद्धि हाम्रो प्रतिबद्धता" भन्ने हाम्रो आदर्श वाक्यलाई पछ्याउँदै समुन्नत र समृद्ध महाङ्काल निर्माणमा हामी प्रतिबद्ध छौं ।

**प्रमुख अतिथिज्यू तथा अतिथिज्यूहरु,**
**सभाका सदस्यज्यूहरू,**

मिति २०८१ साल आश्विन १० देखि १२ सम्म आएको अविरल वर्षा र बाढीको कारण यस गाउँपालिकामा १३ जना नागरिकहरुले ज्यान गुमाउनु परेको थियो। जसको नामावली यस प्रकार रहेको छः

<u>तपशील</u>

| नाम थर | लिङ्ग | ठेगाना |
|---|---|---|
| जय ब. लो | पु. | महाङ्काल-१, बुखेल |
| राममाया स्याङ्तान | म. | महाङ्काल-२, मानिखेल |
| अजय स्याङ्तान | पु. | महाङ्काल-२, मानिखेल |
| सुवास स्याङ्तान | पु. | महाङ्काल-२, मानिखेल |
| सलिना स्याङ्तान | म. | महाङ्काल-२, मानिखेल |
| आयुष स्याङ्तान | पु. | महाङ्काल-२, मानिखेल |
| संजिता स्याङ्तान | म. | महाङ्काल-२, मानिखेल |

| | | |
|---|---|---|
| ठुलीमाया स्याङ्तान | म. | महाङ्काल-२, मानिखेल |
| छविलाल स्याङ्तान | पु. | महाङ्काल-२, मानिखेल |
| ईश्वर तिमल्सिना | पु. | महाङ्काल-३, गोटिखेल |
| गोमा तिमल्सिना | म. | महाङ्काल-३, गोटिखेल |
| सोम कुमारी तिमल्सिना | म. | महाङ्काल-३, गोटिखेल |
| सम्यम सिंतान | पु. | महाङ्काल-३, गोटिखेल |

यस गाउँपालिकाले लिएको विकासको लयलाई अवरोध गरी अधिकांश गोटिखेल बजार, ठोस्ने खोला बस्ती, बुखेल, मानिखेलका क्षेत्रहरु बगरमा परिणत भएको छ। संघ सरकार, प्रदेश सरकार र यस गाउँपालिकाले गरेको सडक सुधार, खोला नियन्त्रण लगायतका अन्य विकास निर्माणका कार्यहरु समेत लथालिङ्ग बनाएको छ। साथै व्यक्तिगत घर, जग्गा लगायतका कृषि भूमी क्षय भई बस्नको लागि आवास समेत नभएको र पशुचौपाय समेत गुमाउनु परेको थियो। उक्त बाढीबाट दिवङ्गत हुनुभएका सम्पूर्ण नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

**अब म आ.व. २०८१।८२ मा हामीले सम्पन्न गरेका महत्वपूर्ण कार्यहरूको समीक्षात्मक प्रस्तुति सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।**

**प्रमुख अतिथिज्यू तथा अतिथिज्यूहरु,**
**सभाका सदस्यज्यूहरू,**

राज्य पुर्नसंरचना पश्चात् वि.सं. २०७३ सालमा स्थापना भएको महाङ्काल गाउँपालिकाले आजको मिति सम्म आइपुग्दा ८ वटा आर्थिक वर्षका विकासका योजनाहरू सम्पन्न गरिसकेको छ। योजना तर्जुमा दिग्दर्शन, २०७५ ले तय गरेका स्थानीय तहमा योजना तथा बजेट तर्जुमाका मार्गदर्शन स्वरूप योजना तर्जुमाका विभिन्न चरणहरू क्रमशः सम्पन्न गर्दै हामी आज गाउँसभाको १७ औं अधिवेशनसम्म आइपुगेका छौं। विगतका ७ वटा वार्षिक योजनादेखि चालु आ.व सम्म सञ्चालित योजना तथा कार्यक्रम र संघ तथा प्रदेश सरकारका नीति अनुशरण गर्दै र विभिन्न किसिमका अनुभवबाट सिक्दै तथा रूपान्तरित हुँदै महाङ्काल गाउँपालिकाले विभिन्न विकासका श्रृङ्खलाहरू पार गरेको छ। नयाँ सडक सञ्जालबाट जनताको घरघरमा यातायात सेवा पुगोस भन्ने हेतुले हामीले सडक पूर्वाधारमा धेरै लगानी गरेका छौं। गाउँवासीले उत्पादन गरेको सामाग्रीहरुलाई बजारीकरण निमित्त सडक पूर्वाधार निर्माणको लागि गाउँपालिकाद्वारा नै २ वटा ब्याक हो लोडर, १ वटा एक्साभेटर र १ मिनि टिफर को व्यवस्था गरिएको छ।

यसका साथै गाउँवासीको करको क्षमतालाई मध्येनजर गर्दै तथा खर्चको आवश्यकतालाई हेरी करको दर हैन दायराबाट अर्थतन्त्र बढाउन सकिन्छ भन्ने उद्देश्य पुरा गर्न आर्थिक ऐन, २०८२ तर्जुमा सँगै, ऐन मार्फत व्यवस्थित कर प्रणाली विकास गर्दै पालिकाको आन्तरिक आयलाई बढोत्तरी, सुदृढ र व्यवस्थित बनाउने उद्देश्यले राजश्व सुधार कार्ययोजना तुर्जमा गरी कार्यान्वयनमा ल्याउने तयारी गरिएको छ। पूर्वाधार विकासमा २०८१ आश्विनमा आएको बाढीबाट पाठ सिक्दै विकासलाई टुक्रे योजना भन्दा परिमाणमुखी, दिगो योजना छनौटलाई प्राथमीकीकरण गर्ने प्रयास गरिएको छ। गाउँपालिकाले तय गरेका विगतका नीति,

योजना तथा कार्यक्रमलाई क्रमबद्ध रूपले कार्यान्वयन गरिनेछ । गाउँपालिकाका नीति, योजना तथा कार्यक्रमलाई सञ्चालन तथा कार्यान्वयन गर्ने क्रममा संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ। महाङ्कालका आम नागरिकको मुहारमा सदैव खुशीयाली ल्याउन हामी सदैव दत्तचित्त भएर अघि बढ्ने कुरामा विश्वास व्यक्त गर्दै हाम्रो विकास अभियानमा जुट्न आम महाङ्काल बासीलाई हार्दिक अपिल गर्दछु।

सभाका सदस्यज्यूहरू

हामीले गत आ.व. को गाउँसभाबाट स्वीकृत गरेको नीति कार्यक्रम र बजेटले यस गाउँपालिका क्षेत्रको समय विकासका लागि महत्वपूर्ण आधारहरू खडा भएको मैले महशुस गरेको छु। तथापी यस गाउँपालिकामा आएको महाविपत्तीले गर्दा हाम्रा नीति तथा कार्यक्रमहरु कार्यन्वयन गर्न अवरोध सिर्जना भएता पनि अवरुद्ध भएका सडक सञ्जालहरु लाई शीघ्र नै सञ्चालनमा ल्याइ जनजिवन सहज बनाएका थियौं। साथै यस गाउँपालिकाको ठूलो लगानी नै सडक निर्माण तथा सरसफाईमा खर्च गर्नु परेको सर्वविदितै छ। गत आ.व.मा स्वीकृत तथा चालु आ.व.मा कार्यान्वयनमा आएका विकास योजना तथा कार्यक्रमबाट हासिल भएका उपलब्धिहरूलाई म यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

राज्यको पुनर्संरचना पश्चात देश संघीयता कार्यान्वयनको चरणमा रहेको छ। जस अन्तर्गत हाम्रो जस्तो आय स्रोत कम भएको स्थानीय सरकारलाई दिगो आन्तरिक आय श्रोतको पहिचान एवम राजश्व संकलन र संघीय सरकारबाट श्रोत र साधनको समतामूलक प्रवाह गराउन जति सक्यो त्यति नै संघीयताको सफल कार्यन्वयन हुन सक्ने कुरामा दुईमत छैन। आफ्नो क्षेत्राधिकारभित्र गरेको कानूनी र संवैधानिक अधिकारको प्रयोग गर्दै गाउँपालिकाभित्र बसोबास गर्ने जनतालाई स्थानीय सरकारको अनुभूति दिन सक्नु महत्वपूर्ण पक्ष हो । स्थानीय निर्वाचनको क्रमम जनता समक्ष गरेको प्रतिबद्धताहरू दिनानुदिन पुरा गर्ने ढङ्गबाट नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ भने सोहि अनुसार स्रोतको समेत व्यवस्था गर्दै लगिएको छ। गाउँपालिकाको सेवा प्रवाह र कर्मचारी दरबन्दी बैज्ञानिक र व्यवस्थित गराउन संगठन तथा व्यवस्थापनको (O&M) कार्य समपन्न गरीएको छ भने, सोहि अनुसार कर्मचारी व्यवस्थापन गरी नागरिकलाई घरघरमा सेवा पुर्याउने मार्गमा गाउँपालिका अगाडी बढिरहेको छ। नीति तथा कार्यक्रमलाई सहज कार्य सम्पादन गरी समयमा नै नतिजा दिन सहयोग गर्ने यस गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी, समाजसेवी, राजनीतिक दल, जनप्रतिनिधि लगायत आम जनसमुदायलाई म विशेष धन्यवाद ज्ञापन गर्दछु।

यस आ.व. २०८१।८२ मा पूँजीगत र चालु खर्च गरी जम्मा ४७ करोड ९७ लाख ६२ हजार २८३ बजेट विनियोजन गरिएको थियो। जसमा चालु तथा पूँजीगत खर्चको ७०% भन्दा बढी काम सम्पन्न भएको छ । केन्द्र प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त अनुदानमा सडक बिस्तारको कार्य खानेपानी योजना तिब्र गतिमा अगाडि बढिरहेको छ र अबको केही वर्षमा मूल सडकहरू स्तरोन्नति कालोपत्रे हुने तयारीमा रहेका छन । हाल लेले-चन्दनपुर- ठुलादुर्लुङ- फापरवारी सडकको दुई लेन निर्माण कार्य खण्ड खण्ड गरी बहुवर्षीय ठेक्का मार्फत तीब्रगतिमा भइरहेको छ। सम्पूर्ण विद्यालयको पूर्वाधार पूर्णता नभएतापनि शैक्षिक गुणस्तर कायम गर्न र बालबालिकाहरूको पठनपाठनमा समय सापेक्ष अगाडि बढाउन विभिन्न गैर सरकारी संघसंस्थाहरूसँग सहकार्य गरी शिक्षा क्षेत्रलाई सुधार गर्दै लगिएको छ। स्वास्थ्य क्षेत्रतर्फ रहेका मानिखेल अस्पताल र ५ वटा स्वास्थ्य चौकीहरु मार्फत सेवा प्रदान गरिरहेको छ भने विरामीहरुलाई उपत्यकामा उपचारको लागि रिफर गर्दा अक्सिजन सहितको १ वटा एम्बुलेन्स संचालनमा रहेको छ। आफनै पहालमा डिजेल भण्डारण कक्षको निर्माण गरी डिजेल ढुवानी खर्च कटौती गर्दै प्रयोगलाई वैज्ञानिक बनाउनको लागि

पम्पको व्यवस्था गरिएकोछ। सडक गुरू योजना मार्फत सडकको यथार्थ वस्तुस्थिती तयार भएकोमा सडकहरुमा होडिङ् बोर्ड तथा नक्साङ्कन सहितको बोर्डहरुको व्यवस्था कार्यन्वयनको चरणमा रहेको छ।

**प्रमुख अतिथिज्यू तथा अतिथिज्यूहरु,**
**सभाका सदस्यज्यूहरू,**

अव म यस गाउँपालिकाको आ.व. २०८२।८३ को नीति तथा कार्यक्रमको प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**क्षेत्रगत रुपमा नीति तथा कार्यक्रमहरुः**

यस अघि विगतमा गरिदै आएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै आ.व. २०८२।०८३ मा थप कार्यक्रमहरु सञ्चालन गर्दै लैजाने नीति समेत लिएको छ।

१. वाढी पहिरो नियन्त्रण तथा विपद् प्रतिकार्य निर्माण गरी राहत, उद्धार तथा पुनः निर्माण र पुनर्स्थापनाको कार्यलाई अगाडी बढाइनेछ।
२. जिल्ला समन्वय समिति संगको साझेदारीमा वडा भवन, खानेपानी टयाङ्की तथा बिभिन्न विद्यालयहरुको विविध निर्माण कार्यलाई अगाडी बढाइनेछ।
३. यस गाउँपालिकाको प्राकृतिक सौन्दर्यता र धार्मीक पर्यटन प्रर्वद्धन गर्नको लागि सडक स्तरउन्नती तथा नागरिकलाई उत्पादित सामाग्रीको बजारीकरण सम्बन्धी ज्ञान विस्तार गरिनेछ।
४. योग र ध्यानको जीवन विज्ञानलाई आधुनिक शैलीमा रूपान्तरण गरी "स्वस्थ्य जीवन योग विज्ञान" भन्ने मूल नाराका साथ विद्यालय, कार्यालय लगायत होटल र होमस्टेहरूबाट यसको थालनी, विकास र प्रवर्द्धन गर्न यस वर्षबाट आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
५. पशुपालनमा भैसीं प्रवद्धनको लागि भैसीं वितरण कार्यक्रम तथा अनुदानलाई निरन्तरता दिइनेछ।
६. कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, औधोगिकीकरण तथा बजारीकरणको लागि कृषकलाई अनुदान प्रदान गरिनेछ।
७. यस गाउँपालिकामा रहेका नगदे वालीहरुलाई संरक्षण तथा प्रवर्द्धन मार्फत आम्दानी बृद्विको गर्नको लागि चिया, कफि, लौठ सल्लो लागयतका कृषि उत्पादनमा अनुदान कार्यक्रम ल्याइनेछ।
८. "शोकमा स्थानीय सरकार कार्यक्रम" अन्तर्गत शोकशन्तप्त परिवार प्रति आर्थिक सहयोग सहितको समवेदना प्रकटमा गाउँपालिकाको उपस्थिती जनाइनेछ।
९. प्रारम्भिक चरण अन्तर्गत गाउँपालिका र वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र जडान गरी सेवा प्रवाहमा एकरुपता र शीघ्रता कायम गरिनेछ।
१०. गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर वृद्वि तथा अध्ययनमा विद्यार्थी उत्साह बढाउनको लागि प्रत्यक कक्षामा स्मार्ट बोर्डको क्रमस व्यवस्था गरिनेछ।
११. बाख्रापालन तथा माछापालन कार्यलाई व्यवसायिक तवरले सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
१२. लिटरमा आधारित दुधमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१३. कपिराम सामुदायिक स्वास्थ्य इकाइ सञ्चालनमा ल्याइनेछ।
१४. नागरिक आरोग्य केंन्द्र र महाङ्काल ग्रामिण आखाँ केन्द्रका सेवाहरुलाई अर्धवार्षिक रुपमा घुम्ती शीविर मार्फत प्रत्यक वडामा पुर्याइनेछ।

१५. नेपाल सरकारले प्रदान गरेको छात्रबृत्ति मा निश्चित रकम थप गरी छात्रा तथा दलित छात्र/छात्राहरुलाई वार्षिक रु. १००० पुर्याइनेछ।

१६. विविध क्षेत्रमा विशिष्टिकरण/विषयविज्ञ महाङ्काल वासीहरुलाई सम्मान गरिनेछ।

१७. ग्रीन विद्यालयको अवधारणालाई कार्यन्वयन गर्न आर्थिक व्यवस्था सहित "एक विद्यालय एक बगैचा कार्यक्रम" ल्याइनेछ।

१८. २०८१ आश्विन १० देखि १२ सम्म आएको वाढी तथा पहिरोले उजाड बनाएको बगर क्षेत्रमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

१९. बस्ती बिस्तारसंगै बढ्दै गएको फोहरमैलाको उचित व्यवस्थापन गर्न आवश्यक नीति तथा कानुन मार्फत मूख्य बजारहरुको फोहोर व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साइटको खोजी तथा अध्ययन गरिनेछ।

२०. गाउँपालिकामा कार्यरत करार तथा अस्थायी सेवामा कार्यरत कर्मचारीहरूको लागि योगदानमा आधारीत सामाजिक सुरक्षा कोषमा आवद्व गरिनेछ।

२१. महाङ्काल गाउँपालिकाको खेलकुद विकासको लागि वडा नं. ३ र ४ मा कर्भड हल तथा वडा नं. ६ मा खेलमैदान निर्माण कार्यको सुरुवात गरिनेछ।

प्रमुख अतिथिज्यू तथा अतिथिज्यूहरु,
सभाका सदस्यज्यूहरू,

अव म विषय क्षेत्रगत रुपमा नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

**१. आर्थिक विकास सम्बन्धी नीतिहरु :**

**(क) कृषि तथा पशुपालन**

- "दुध उत्पादनमा वृद्धि, नागरिकहरुको समृद्धि' भन्ने मूल नाराकासाथ भैसीं प्रवर्द्वन कार्यक्रमलाई प्राथमिकताकोसाथ अघि बढाइने छ।

- कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक परामर्श उपलब्ध गराउन ल्याव सहितको प्रयोगशला मार्फत पशुपंक्षीहरुमा लाग्ने रोगहरुको परीक्षण गाउँपालिकामानै हुने व्यवस्था गरिनेछ।

- कृषिक्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि व्यवसायको आधुनिकीकरण, यान्त्रिकरण, विविधिकरण र बजारीकरणमा जोड दिईने छ। कृषकहरूलाई आधुनिक कृषि औजार सहित घुम्ती कृषि सेवा मार्फत वीउ विजन उपलब्ध गराईनेछ ।

- गाउँबासीहरूमा उद्यमशीलता प्रवर्द्धनको लागि सीपमा आधारित व्यवसाय प्रवर्द्धनको नीति लिइने छ। साथै एक वडा एक उत्पादनको कार्यक्रम सञ्चालन गर्ने नीतिलाइ निरन्तरता दिइनेछ।

- विषादी रहित प्राङ्गारिक खेती तथा व्यावसायिक पशुपालनलाई प्रोत्साहन दिँदै पशु तथा बाली बीमा कार्यक्रम सञ्चालन गरिनेछ भने सहकारी खेती तथा सामुहिक खेतीलाई प्रवर्द्धन गर्न अनुदानको व्यवस्था मिलाइनेछ ।
- कृषकहरूलाई आधुनिक नगदेबाली तथा फलफूलखेती तर्फ प्रोत्साहन गर्न स्थानीयस्तरमै कृषिउपज बजार केन्द्रको स्थापनामा जोड दिइनेछ ।
- खाद्य तथा नगदे रैथाने बालीहरूको उत्पादन, उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड दिइनेछ।
- आधुनिक, उन्नत पशुहरूको उत्पादनमा जोड दिँदै किसानहरूलाई दुग्ध र मासुजन्य उत्पादनमा प्रोत्साहन गरिनेछ।
- प्रत्येक वडाहरूमा गठित कृषक समूहहरूलाई कृषि सेवा केन्द्रको रूपमा विकास गरिनेछ साथै युवा लक्षित कार्यक्रमलाई जोड दिँदै गाउँपालिकाबाट नमुना कृषि फर्मको अवधारणालाई विकास गरिनेछ।
- गाउँपालिकाभित्र बिउ बिजन वितरण तथा घाँसमा आधारित पशुपालन व्यवसाय विकास कार्यक्रमलाई अगाडि बढाइनेछ।
- गोठ तथा नश्ल सुधार गरी उत्पादित दुग्धलाई बिग्रन नदिन चिस्यान केन्द्र स्थापनाको लागि प्रोत्सहान गरिनेछ।
- कृषि विकास रणनीति, अनुगमन तथा समन्वय अन्तर्गत कृषक दर्ता व्यवस्थापन गरिनेछ।
- किसान सूचीकरण कार्यक्रम मार्फत कृषक कार्ड वितरण गरिनेछ ।
- कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्याङ्क अध्यावधिक गरिनेछ।
- स्थानीय खाद्य तथा पोषणलाई संरक्षण गरी खाद्य सम्प्रभुता सहित खाद्य सुरक्षाको सुनिश्चितता गरिनेछ ।
- हाइड्रोपोनिक्स (माटो रहित कृषि उत्पादन) को लागि अन्य संस्थाहरुको सहकार्यमा परिक्षण परियोजना सञ्चालनमा ल्याइनेछ।
- बाख्रा पालन प्रवर्धन कार्यक्रमलाई वडा नं. ६ मा विस्तार गरी अन्य वडामा प्राथमिकताकोसाथ अघि बढाइनेछ
- निशुल्क पशु स्वास्थ्य शिविर संचालनमा ल्याइने छ।
- कृषकलाई तरकारीमा आत्मनिर्भर बनाउने अभिप्रायले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

- गाउँपालिकालाई हरियाली र स्वच्छ वातावरणयुक्त बनाई फलफूलमा आत्मानिर्भर बनाउन फलफूल विकास कार्यक्रम मार्फत कृषि क्षेत्रमा नागरिकलाई आकर्षित गर्न फलफूल दशक अन्तर्गत गाउँपालिकामा वृक्षारोपण अभियान कार्यक्रम सञ्चालन गरी कृषकलाई फलफूलको विरुवामा निश्चित प्रतिशत अनुदान प्रदान गरी व्यावसायिक कृषि नीति अवलम्वन गरिनेछ ।

- कृषि पेशालाई सम्मानजनक पेशाको रूपमा विकास गर्नको लागि उत्कृष्ट किसान छनोट गरी "विविध क्षेत्रमा विशिष्टिकृत गरेका महाङ्काल वासीहरुलाई सम्मान" कार्यक्रम अन्तर्गत कृषिमा योगदान गर्ने किसानहरुलाई सम्मान गरिनेछ ।

- कृषि तथा पशुपालनको क्षेत्रमा कुनैपनि महामारी तथा संक्रमण फैलिएमा तत्काल पालिका स्तरबाट उक्त महामारी र प्रकोप नियन्त्रणको लागि प्रयोगशाला सहितको कृषि तथा पशु प्राविधीक टोली तयारी अवस्थामा राखिनेछ।

- कृषि पेशालाई व्यावसायिक बनाउन गाउँपालिकाभित्र रहेका कृषक , समूह, सहकारीलाई तरकारी तथा फलफूल खेती सम्बन्धी तालिम वडा स्तरबाट सञ्चालन गरिनेछ ।

- "माटो सुहाउदो कृषि उत्पादन" कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका कृषकहरूको खेतबारीको माटो जाँच गरी उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरिनेछ।

- "एक वडा एक हाटबजार" नीति अन्तर्गत गाउँपालिकामा उत्पादन भएका कृषिजन्य वस्तुहरूको विक्री वितरण र बजार व्यवस्थापन गर्न मूख्य बजार केन्द्रहरुमा हाटबजार संचालन गर्ने नीति ल्याइनेछ ।

- जलवायु परिवर्तनसंग अनुकुलन गर्न बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गरिने छ।

- स्थानीय स्तरमा उत्पादित वस्तु तथा पेय पदार्थहरूलाई ब्राण्डीङ गरी बजारीकरण गर्ने नीति ल्याइनेछ।

ख) उद्योग तथा बाणिज्य

- गाउँपालिकामा उद्योग व्यवसायको प्रवर्द्धन गर्न उद्यममैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।

- महाङ्काल गाउँपालिका स्तरिय उद्योग वाणिज्य संघ गठन गर्न प्रोत्साहन गरिनेछ ।

- पर्यावरण तथा वातावरण प्रदुषण गर्ने उद्योगलाई संचालनमा ल्याउन प्रतिवन्ध लगाइने छ।
- गाउँपालिका क्षेत्र भित्रकै स्रोत र साधनको खोजी गरी भौतिक निर्माण कार्यमा सकेसम्म स्थानीय कच्चा पदार्थ प्रयोगमा ल्याउन जोड दिइने छ।
- बजार अनुगमनलाई तीव्रता दिइनेछ

ग) पर्यटन

- "कालेश्वर महादेव दर्शनः प्राकृतिक सौन्दर्य अवलोकन" भन्ने मुल नाराकासाथ धार्मीक पर्यटनलाई मुख्य प्राथमिकताका साथ अगाडी बढाइनेछ।

- धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक पर्यटन क्षेत्रलाई विशेष पर्यटन क्षेत्रको रुपमा विकास गर्न महाङ्काल गा.पा. वडा नं. ५, चन्दनपुरमा रहेको गढी संरक्षण तथा बगैचा निर्माण कार्यलाई अगाडी बढाइनेछ।

- आन्तरिक रोजगारी प्रवर्द्धनको लागि बैदेशिक रोजगारबाट फर्कीएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालनमा सहभागी गराइनेछ।

- यस गाउँपालिकाको पर्यटनक्षेत्रमा विभिन्न कारणले परेको प्रभावको अध्ययन गरी पुनर्उत्थान लगायत दिगो र पर्यावरण मैत्री पर्यटनका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

- गाउँपालिकाभित्र रहेको पर्यटकीय क्षेत्रहरूमा Home Stay कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- पर्यटकीय क्षेत्र आसपासका बाँझो सरकारी जग्गालाई होटेल तथा Home Stay सञ्चालनार्थ लिजमा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाभित्र रहेका सार्वजनिक जग्गाहरूको संरक्षण र उपयोगको नीति तर्जुमा गरी निजी क्षेत्रको सहकार्यमा पर्यटकीय भौतिक संरचना निर्माण गरी गाउँको आय वृद्धि गर्ने नीति अवलम्बन गरिने छ।

- गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक पुरातात्विक स्थल चौतारा, पाटी पौवा आदिको विशेष संरक्षण गरी आधुनिक ढंगबाट पर्यटकीय पार्क, बाल उद्यान, प्रौढ पार्क आदिमा परिणत गरिने छ।

- संस्कृतिको संरक्षण गर्न महाङ्काल प्रज्ञा-प्रतिष्ठान मार्फत महाङ्काल गाउँपालिकाको भाषा, साहित्य, कला र संस्कृति सम्बर्द्धन गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरी पर्यटन विकाससँग जोडिनेछ ।

- महाङ्काल गाउँपालीकाको ऐतिहासिक एवं धार्मिक ठाउँहरूमा चिनारीको लागि होडिङ बोर्डहरू राखिने छ।

घ) सहकारी

- गाउँपालिकाभित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरूसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रममा सहकारीहरुको लागि लगानीमैत्री वातावरण सिर्जना गरिनेछ।

- सहकारी सदस्यहरुलाई सहकारी सञ्चालन सम्बन्धी आधारभुत तालिमको व्यवस्था मिलाइनेछ।

- सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गर्दै सहकारीहरूको व्यावसायीकरणमा जोड दिइनेछ

- गाउँपालिकाभित्र रहेका सहकारीले वार्षिक रूपमा कम्तिमा एक सहकारी एक सामाजिक कार्यक्रम गर्नुपर्ने नीति अवलम्बन गरिने छ ।

ङ) वित्तीय क्षेत्रः

- सामाजिक उत्तरदायित्व अन्तर्गत यस गाउँपालिकामा सञ्चालित वित्तीय संस्थाहरुलाई सामाजिक सेवा, सामाजिक कल्याण तथा वातावरण र विपद् जोखिमको क्षेत्रमा लगानी गर्न प्रोत्साहान गरिनेछ।

- गाउँपालिका क्षेत्रमा संचालित बैंक तथा वित्तीय संस्थाहरुलाई गाउँपालिकामा दर्ता हुन र नयाँ वित्तीय संस्था खोल्नको लागि अनिवार्य रूपमा गाउँपालिकाको स्वीकृति लिनु पर्ने नीति कार्यान्वयन गरिनेछ।

- गाउँपालिकाभित्र रहेका वित्तीय संस्थाहरुको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइनेछ।

च) रोजगारी सिर्जना तथा स्वरोजगार कार्यक्रमः

- संघीय श्रम संसार प्रणालीलाई स्थानीयकरण गरी सञ्चालनमा ल्याइनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममा संघ सरकारको रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकममा यस गाउँपालिकाबाट सत प्रतिशत साझेदारी मार्फत बेरोजगार युवाहरुलाई रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरूमा आबद्ध गरी उत्पादन मूलक रोजगारी सिर्जना मार्फत बेरोजगारी न्युनीकरण गरिनेछ।
- पालिका स्तरीय योजनाहरू कार्यान्वयन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई पहिलो प्राथमिकता दिई सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय लगायतका काममा लगाइनेछ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी संघ तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार व्यक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
- आन्तरिक रोजगारी प्रवर्द्धनको लागि बैदेशीक रोजगारीबाट फर्कीएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धनको लागि कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाका विभिन्न स्थानलाई नियमित सवारी सेवा प्रदान गर्नका लागि कम्तिमा तीन जना बेरोजगार युवाहरूलाई तीनपाङ्ग्रे सवारी साधन खरिदको लागि अनुदानको व्यवस्था गरिनेछ।

२. सामाजिक विकास

क) शिक्षा

महाङ्काल गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय गोटीखेल, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

- "एक विद्यालयः एक हरित उद्यान" कार्यक्रमको अन्तर्गत विद्यालय परिसरमा वृक्षारोपण गरी वातावरण हराभरा बनाई शैक्षिक वातावरण सुधार गरिनेछ ।

- शैक्षिक सुशासनको लागि संस्थागत क्षमता विकास, विद्यार्थी परिक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपेरीवेक्षण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

- बालविकास कक्षा व्यवस्थापनको लागि अनुदान तथा सामग्री खरिदका साथै "Play Area" को स्थापना गरी सञ्चालन गरिनेछ।

- सामुदायीक विद्यालयहरुका हरेक कक्षा कोठालाई सूचना प्रविधीमैत्री बनाइ समयसापेक्ष गुणस्तरीय शिक्षा प्रदान गरिदै लगिनेछ।

- सबै माध्यमिक विद्यालयमा स्काउटको सुरुवात गर्नको लागि आवश्यक व्यवस्थापन गरिनेछ।

- उत्कृष्ट शिक्षक सम्मान कार्यक्रमलाइ थप प्रभावकारी रुपमा सञ्चालन गरी शिक्षक मनोवल वृद्वि गरिनेछ।

- शिक्षकहरूको क्षमता अभिवृद्धिको लागि शिक्षा, युवा तथा खेलकुद शाखाको समन्वयमा सामाजिक विकास समितिलाई विषयगत तालिम प्रदान गर्न र शैक्षिक सुधार कार्यक्रम बनाउनको लागि क्रियाशील गराइनेछ।

- शिक्षाक्षेत्रमा गुणस्तर कायम गर्नका लागि प्रतिस्पर्धाको माध्यमबाट प्र.अ. छनौट गरिने नीति ल्याइने छ।

- बालबालिकाको नेतृत्व क्षमता विकासका लागि बाल क्लव गठन तथा परिचालन कार्यलाई प्रत्येक विद्यालयमा विस्तार गरिनेछ।
- विद्यालयलाई प्रविधिमैत्री र शिक्षण कार्यलाई खोजमुलक बनाउनको लागि सबै सामुदायिक विद्यालयमा Internet को पहुँचको सुनिश्चितता गरिनेछ।

- अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नको लागि सरकारी तथा गैर सरकारी संघ संस्थासंगको साझेदारीमा विद्यालय केन्द्रित सिर्जनात्मक लेखन प्रशिक्षण कार्यक्रम/नेतृत्व/व्यक्तित्व विकास कार्यक्रम, महाङ्काल गाउँपालिका व्यापी खुला निबन्ध प्रतियोगिताको माध्यामबाट विद्यार्थीहरूको अन्तर्निहित प्रतिभाको प्रष्फुटन गराइनेछ ।

- "विद्यालयमा जनप्रतिनिधि कार्यक्रम" अन्तर्गत विद्यालय र जनप्रतिनिधिको बिचमा सुमधुर सम्बन्ध स्थापित गरी सरोकारवालाहरूको चासो अभिवृद्धि गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।

- वडा कार्यालयहरुसंगको समन्वयमा प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकास तथा संस्थागत क्षमता अभिवृद्धिको लागि जिल्ला तथा अन्तर जिल्ला स्तरमा अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

- उत्कृष्ट नतिजा हासिल गरेका विद्यालय, प्र.अ. तथा विषय शिक्षकहरूलाई पुरस्कृत गर्ने नीतिमा निरन्तरता दिइनेछ।

- आधारभूत र माध्यमिक विद्यालय व्यवस्थापन तथा सञ्चालनको लागि बिशेष अनुदानको व्यवस्था गरिनेछ।

- विद्यालय अनुगमनलाई प्रभावकारी बनाई शैक्षिक गुणस्तर सुधारको लागि यस गाउँपालिकाको स्रोत र अन्य निकायहरुसंगको समन्वयमा थप कार्यक्रम सञ्चालन गरिनेछ

- विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी मिलान तथा समायोजन गरिनेछ।

- दिवा खाजाको प्रभावकारी कार्यान्वयनका लागि पालिकाले दिने खाजा रकममा थप रु. १० रुपैया सुविधा दिने कार्यलाई निरन्तरता दिइनेछ।

- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सङ्गीत र नृत्य प्रतियोगीता सञ्चालन गरी अन्तरनिहित क्षमताको प्रस्फुटन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

ख) स्वास्थ्य

महाङ्काल गाउँपालिककाको आधारभूत स्वास्थ्य सेवामा पहुंच पुर्याउनको लागि देहायका नीति तथा कार्यक्रम ल्याइने छ।

- "म स्वस्थ, मेरो समुदाय स्वस्थ" बनाउनको लागि घरटोल स्वास्थ्य प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ।
- नसर्ने रोगको चेतना अभिवृद्धिको लागि समुदायमा स्क्रिनिङ्ग तथा जनचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

- स्वास्थ्यचौकी तथा सामुदायिक स्वास्थ्य ईकाई मार्फत वडाभित्रका जेष्ठ तथा अशक्त नागरिकहरूका लागि घरमै स्वास्थ्य परीक्षण र नियमित सेवन गरिने औषधी वितरण गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ।

- मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्त सञ्चार मापन, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम लागु गरिनेछ।

- स्वास्थ्य जीवनशैली प्रवर्द्धन अभियान अन्तर्गत मानसिक स्वास्थ्य सेवा प्रवर्द्धन व्यवहार परिवर्तन, आयुर्वेद चिकित्सा प्रणालीलाई सुदृढीकरण, स्वस्थ्य जीवनशैली अवलम्बन तथा नागरिक आरोग्यताको लागि योग, प्राकृतिक चिकित्सा, होमियोप्याथिक सेवा पद्धतिलाई प्राथमिकत्ता दिईनेछ।

- प्रदेश सरकारको सहयोगमा संचालित "एक विद्यालय एक नर्स कार्यक्रम" लाई किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्य चेतना अभिवृद्धि तथा स्वास्थ्य परामर्श सेवालाई थप प्रभावकारी बनाइनेछ।
- जनताको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई प्रत्याभुत गर्न स्वास्थ्यमा पहुँच अभिवृद्धि गरिनेछ । महिला तथा बालबालिका र ज्येष्ठ नागरिकहरूको लागि आवश्यकता अनुसार प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिनेछ।

- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

- "स्वस्थ आमा स्वस्थ शिशु" कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरूको स्वास्थ्य समस्या समधानका लागि गाउँपालिका क्षेत्र भित्र र स्वास्थ्य संस्थाको रिफर अनुसार गा.पा. क्षेत्रबाहिर लैजान निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

- प्रत्येक स्वास्थ्य संस्थामा स्थापित स्तनपान कक्षलाई थप व्यवस्थित गरिनेछ।

- गर्भवती महिला र नवजात शिशुको पोषण सुधार कार्यकालागि स्वास्थामा सुत्केरी गराउने महिलाको लागि तत्काल नेपाल सरकारबाट प्रदान गर्दै आएको सुविधामा थप रकम रू.२ हजार उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- महाङ्काल गाउँपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयम सेविकाहरूलाई संघ तथा प्रदेशबाट प्राप्त सेवा सुविधा बाहेक वार्षिक रकममा रू. १००००/- थप गरी निरन्तरता दिइनेछ।

- विद्यालयमा अध्ययनरत छात्राहरूका लागि गुणस्तरीय स्यानीटरी प्याडको व्यवस्था गरी त्यसको सरसफाईको लागि स्यानीटरी प्याड भेन्डीङ्ग मेशीन र स्यानीटरी प्याड डिस्पोजल मेशीनको जडान गरी स्मार्ट सिस्टम लागु गरिनेछ ।

- पूर्णखोपयुक्त गाउँपालिका कार्यक्रमलाई दिगो बनाई राख्न र कुपोषणको कारण प्रभावित नागरिकलाई पोषणयुक्त सन्तुलित आहार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

- महिलाहरूको लागि स्तन, पाठेघरसम्बन्धी क्यान्सर र आङ खस्नेसम्बन्धी रोगको शिविर संञ्चालनमा निरन्तरता दिइनेछ

- आधारभुत स्वास्थ्य सेवा केन्द्रको न्युनतम सेवा मापदण्ड कार्यक्रमलाई थप प्रभानकारी बनाउन अभिमुखिकरण, समिक्षा, अनुगमन तथा फलोअप कार्यलाई सञ्चालन गरिनेछ।

ग) खानेपानी तथा सरसफाईः

- "स्वस्थ जिवनको लागि स्वच्छ र सफा पिउने पानी " भन्ने नारा लाई सफलीभूत पार्न गाउँपालिकाका सबै बस्ती र समुदायमा एक घर एक धाराको नीति अनुरूप स्वच्छ र सफा पिउने पानी उच्च प्राथमिकताकोसाथ अघि बढाइने छ।
- खानेपानी सरसफाइ र स्वच्छता सुनिश्चितताको लागि "Geo-referenced water supply, sanitation and hygiene (WASH) Plan" तयार गरी समुदाय स्तरमा कार्यन्वयन गरिनेछ।
- सुरक्षित र निरन्तर स्वच्छ खानेपानीको लागि मुहान स्वच्छता र मुहान संरक्षणको लागि नागरिक जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- वहुवर्षीय खानेपानी आयोजना सञ्चालन गर्न अन्य सहयोगी हातहरूसँग समन्वय र सहकार्य गरी आर्थिक तथा प्राविधिक स्रोतको खोजीमा विशेष कदम उठाइने छ
- गाउँपालिकाभित्र उत्पादन हुने फोहरमैलालाई खोला तथा जङ्गलमा फाल्न रोक लगाइनेछ र शीर्जित फोहोरलाई ल्याण्डफिल्ड साइड मार्फत व्यवस्थापन गर्न आवश्यक नीति लिइनेछ।
- खानेपानीका समितिहरूलाई वातावरण तथा सरसफाई प्रति उत्तरदायी बनाउने खालका नीति अबलम्बन गरिनेछ ।
- गाउँपालिका स्तरमा आवश्यक रहेका ठाउँहरुको पहिचान गरी नयाँ खानेपानी आयोजना निर्माण गरी नागरिकलाई स्वच्छ खानेपानीको सुनिश्चितता गरिनेछ।

घ) भाषा, संस्कृति प्रवर्द्धन

- सरकारी तथा गैर सरकारी संघ संस्थासंगको समन्वयमा महाङ्काल गाउँपालिकाको संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने कार्यलाई थप व्यवस्थित र प्रभावकारी गराइनेछ।
- गाउँपालिकाभित्र रहेको सम्पूर्ण सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा संवर्दन गर्न "महाङ्काल सांस्कृतिक उत्सव" तथा "महाङ्काल बृहत कला साहित्य सङ्गीत महोत्सव " सञ्चालन गरिनेछ।
- स्थानीय स्रष्टा, कलाकारहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा कला प्रर्दशनको लागि प्रोत्साहन गरिने छ ।
- लोपन्मुख परम्परागत प्रयोगमा रहेका स्थानीय औजार तथा सामाग्रीहरुको खोज अनुसन्धान र अभिलेखिकरण गरी संग्रहालयको स्थापना गरिने छ।
- गाउँपालिकालाई सांस्कृतिक, प्राज्ञिक पहिचानयुक्त गाउँपालिकाको रूपमा परिचित गराइने छ।
- गाउँपालिकाभित्र बसोबास गरेका विभिन्न जातजातिहरुको भाषा धर्म तथा संस्कृति संरक्षणको लागि आवाश्यक कार्यक्रम ल्याइनेछ ।

- विविधता बीचको एकता कायम गर्दै विविध जातिः विविध सांस्कृतिबाट निर्माण भएका सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिने छ।

- विभिन्न जातिहरूको भेषभूषा र संस्कृतिको अध्ययन र प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- लोक संस्कृतिका विविध विधाहरुमा आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रमहरुको विद्यालयस्तरमा सञ्चालन गरी कला, संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धन गरिनेछ।

- गाउँपालिकाभित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठ मन्दिर, चर्च, गुम्बा, मस्जिद, पाटी, पौवा, सत्तल, कुवा, पधेरो, ढुङ्गेधारा, दाहसंस्कार गर्ने घाट जस्ता सम्पदाहरूको पुननिर्माण तथा संरक्षण गरिनेछ।

## ङ) खेलकुद तथा मनोरञ्जन

- खेलकुद विकासको लागि सुविधा समपन्न कर्भड हल तथा खेलमैदानहरुको व्यवस्था गरिनेछ।

- "पुरस्कृत र सम्मान" कार्यक्रम अन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा विजयी भई आउने खेलाडीहरूलाई हौशला र प्रोत्साहन प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- गाउँपालिका क्षेत्रभित्रका युवाहरूलाई खेलकुदको क्षेत्रमा क्रियाशील गराउन विविध खेलकुद कार्यक्रमहरू आयोजना मार्फत युवाहरूलाई लक्षित गरी खेलकुदलाई जीवनको अभिन्न अङ्ग र राष्ट्रिय सम्मान र पहिचानको रूपमा स्थापित गर्न थप सुविधा प्रदान गर्दै अन्तरपालिका खेलकुद प्रतियोगितामा सहभागीताको लागि अभिप्रेरित गरिनेछ।

- गाउँपालिका क्षेत्रभित्रका युवाहरूको सिर्जनशीलता विकासको लागि युवा क्लवहरू गठन तथा क्रियाशील गराउन आवश्यक सहयोग गरिनेछ।
- विद्यालय स्तमा खेल सामाग्री वितरण कार्य मार्फत विद्यार्थीहरुमा खेलकुदको प्रति रुचि र चाहना अभिवृद्धिको लागि थप विस्तार गरिनेछ।

- एक वडा एक खेल मैदान कार्यक्रम अन्तर्गत वडागत रुपमा विस्तार कार्य अगाडी बढाउन आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

## च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- गाउँपालिका भित्र महिला हिंसा न्यूनीकरणका लागि आवश्यक कार्यक्रम ल्याइनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनःस्थापना सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- वुवा आमा विहिन वालबालिका संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- वालविवाह अन्त्यको लागि समुदाय परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

- महिला सशक्तिकरण तथा क्षमता विकास सम्बन्धी कार्यक्रम ल्याइनेछ।
- महिलाहरूलाई स्वावलम्बी बनाउन आवश्यक सिप विकासका कार्यक्रम ल्याइनेछ।
- सामाजिक भेदभावको न्यूनीकरण गर्न आवश्यक नीति लिइने छ।

- गाउँपालिका भित्र लैङ्गिक विभेद अन्त्य गरी महिला र पुरुषलाई हरेक कार्यक्रममा सहभागि गराउँदै लगिनुका साथै दलित, अल्पसंख्यक, पिछडीएका वर्ग र समुदायहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ।
- लैङ्गिक हिंसा, मानव बेचबिखन लगायतका सबै किसिमका हिंसाहरुको अन्त्यको लागि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

- महिलाहरूको प्रतिस्पर्धात्मक क्षमता विकास र सशक्तिकरणको लागि विविध कार्यक्रम संचालन गरिनेछ ।

- दलित, जनजाति तथा आदिवासीहरूको जीवनस्तरमा सुधार ल्याउन आयआर्जन र सीप विकासका कार्यक्रमहरू संचालन गरिनेछ।

- बालश्रम न्यूनीकरण, बाल शोषण अन्त्य, घरेलु बालश्रमिकको पुनःस्थापना तथा जोखिममा परेका बालबालिकाहरूको पहिचान गरी यस गाउँपालिका क्षेत्रलाई बालश्रम उन्मुलन क्षेत्र घोषणा गर्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।

- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी र पारदर्शी ढङ्गले सञ्चालन तथा अनुगमन गर्ने व्यवस्था मिलाइने छ।

- लैगिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई मूलप्रवाहीकरणमा ल्याइनेछ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका, आदिवासी, जनजाति, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ योजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- सबै किसिमका सामाजिक विभेद हटाउन विविध कार्यक्रमहरू संचालन गरिनेछ ।

## ३. पूर्वाधार विकास

### क) स्थानीय सडक, पुल तथा झोलुङ्गे पुलः

- "नागरिक सम्वृद्धिको आधारः दिगो पूर्वाधार" भन्ने अभियानकासाथ पुर्वाधार निर्माणमा दिगोपना सुनिश्चितताको लागि भुगोल सुहाउदो विकास कार्यक्रम सञ्चालन गरिनेछ।

- “सडक सुरक्षाको आधारः सडकमा नाली पूर्वाधार” कार्यक्रम अन्तर्गत सडकहरूको स्तरोन्नति गर्दा अनिवार्य रूपमा नाली निर्माण गर्नु पर्ने नीति अवलम्बन गरिनेछ।

- भौगोलिक धरातलको हिसाबले यस गाउँपालिकामा निर्माण गरिएका सडकहरू वर्षाको पानीबाट बगाउने समस्या रहेको हुँदा गाउँपालिका क्षेत्रभित्रका खोल्सा, खोल्सीहरूमा कजवेय तथा कलभर्ट निर्माण गर्ने कार्यलाई थप विस्तार गरिनेछ।

- महाङ्काल गाउँपालिकामा बन्ने वा बनी सकेका भौतिक संरचनाहरूलाई अपाङग मैत्री र बालमैत्री संरचना बनाउने नीति ल्याइनेछ।

- पालिकास्तरीय सडक गुरुयोजनाले निर्देशन गरेका प्रमुख सडकहरूको स्तरोन्नति गर्ने कार्यलाइ प्राथमिकतामा राखिनेछ ।

- पालिका भित्र रहेका सडकहरू तथा सम्पदाहरूको नामकरण गर्ने कार्यलाई प्रारम्भ गरिन्छ।

- गाउँपालिका केन्द्र देखि वडा कार्यालय सम्म जोड्ने सडकलाई यसै आ.व.मा स्तर उन्नती गरी आवश्यक ठाउँहरुमा ढलान तथा कल्भर्ट निर्माण गरिनेछ।
- आवश्यक खोलाहरूमा झोलुङे पुल निर्माण कार्यलाई निरन्तरता दिईने छ।

ख) सिंचाई

- गाउँपालिकाका कृषि योग्य भूमिमा सिचाइको लागि श्रोतको खोजी गर्दै नहर, कूलोबाट सिञ्चाई हुन नसक्ने स्थानमा लिफ्ट सिञ्चाइ, थोपा सिञ्चाइ, प्लाष्टिक पोखरी जस्ता कार्यक्रमलाई प्राथमिकता दिई क्रमिक रूपमा सिचाई सुविधा पुर्याइनेछ।

- सम्भावित नयाँ सिंचाई आयोजनाहरू निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुर्याई कृषि उत्पादनमा वृद्धि गर्दै जाने नीति कार्यन्वयन गरिनेछ।

- गाउँपालिका क्षेत्रभित्र रहेका सिंचाई कुलोहरूको मर्मत सम्भार गरी बाहै महिना सिंचाई सुविधा पुर्याउने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

ग) भवन तथा शहरी विकास

- सडक मापदण्डको आधारमा घर तथा अन्य पूर्वाधार निर्माण गर्ने कार्यलाई जनसमुदाय सम्म सम्प्रेशण गरी उक्त मापदण्डको प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ।
- गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापास सहित भवन निर्माण संहिता मापदण्ड २०७२ लाई पूर्ण रूपमा पालना गर्न अभिप्रेरित गरिनेछ ।

- गाउँपालिकाभित्र रहेका ग्रामीण क्षेत्रलाई क्रमिक रूपमा विकासका पूर्वाधारहरू निर्माण गरी सहरीकरण गरिनेछ।

- महाङ्काल गाउँपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गाको अभिलेख तयार गरिनेछ साथै अतिक्रमित सार्वजनिक जग्गा खाली गराइनेछ ।

घ) उर्जा

- जलविद्युत आयोजना सञ्चालनको लागि आवश्यक स्थानीय स्रोतको उपभोग तथा प्रयोगको लागि सहजिकरण गर्दै विद्युत उत्पादनलाई प्रोत्साहान गरिनेछ।
- विद्युत प्रसारणको क्षमता हेरी विद्युत प्रसारण लाईन तथा ट्रान्समिटरको क्षमता वृद्धिमा पहल गरी यस आ.व.मा सबै वडाको सबै टोलहरूमा निरन्तर विद्युत विस्तारको सुनिश्चितता गरिनेछ।
- सौर्य उर्जा उत्पादनलाई प्रोत्साहन गरी उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ।
- गाउँपालिका क्षेत्रका सार्वजनिक चोकहरूमा तथा स्थलहरुमा सौर्य वत्ति जडान गर्ने कार्यलाई प्राथमिकताकासाथ विस्तार कार्यलाई निरन्तरता दिइनेछ।

**ङ) सूचना तथा सञ्चार संबन्धी नीति तथा कार्यक्रमः**

- गाउँपालिकाका सबै वडाहरूलाई प्रविधिमैत्री बनाउन वडा कार्यालयहरूमा डिजिटल नागरिक वडापत्र र E-Governance को अवधारणालाई मूर्त रुप दिइनेछ।
- नेपाल टेलिकम लगायत अन्य सेवा प्रदायकसँगको सहकार्यमा ग्रामीण क्षेत्रका सबै स्थानमा गुणस्तरीय मोबाइल फोन तथा इन्टरनेट सेवाको विस्तार गरी "Buy and Sell" को अवधारणालाई नागरिक समक्ष पहुँच विस्तार गरिनेछ।

४. वातावरण तथा विपद व्यवस्थापन :

क) वन तथा भू-संरक्षण

- विपद् ग्रसित क्षेत्रहरुमा वृक्षारोपण गरी वन तथा भूक्षय नियन्त्रण कार्यलाई प्राथमिकताकासाथ अगाडी बढाइनेछ।
- गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायिक बनको संरक्षण गर्न सामुदायिक बन उपभोक्ता समितिलाई क्रियाशील बनाईनेछ ।
- भिरालो भूबनोटका कारण हुनसक्ने बाढी पहिरो, भूक्षय जस्ता प्रकृतिक प्रकोपको जोखिम लाई न्यून गर्न दिगो भू-संरक्षण नीति अवलम्बन गरी बाढी पहिरो नियन्त्रण गर्ने वोटविरुवाको वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न नागरिकहरुलाई अभिप्रेरित गरिनेछ ।
- सामुदायिक वन व्यवस्थापन नीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरू कार्यान्वयन गरी सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता विकासका कार्यक्रमहरू ल्याइनेछ
- डढेलो लगायत वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ।

➢ पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षति न्यूनिकरण गर्ने उपाय अवलम्बन गरिनेछ ।

**ख) वातावरण र जलाधार संरक्षण तथा जलवायु परिवर्तनः**

➢ "महाङ्कालको प्रतिवद्वताः स्वच्छ र हरित गाउँपालिका" भन्ने नारासहित वातावरण संरक्षणका विविध कार्यक्रमहरू संचालन गरिने छ।

➢ महाङ्काल गाउपालिकाको हरेक योजना तथा कार्यक्रमहरूमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ।

➢ जलवायु परिवर्तनको कारण बारे जानकारी गराई आइपर्ने असरहरू न्युनिकरणका लागि जलवायु परिवर्तन अनुकुल कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ।

➢ जलबायु परिवर्तनको कारण आउने प्राकृतिक विपत्तीहरुसंगै पानीका मुहानहरू सुक्दै र प्रदुषित हुँदै जाने वर्तमान अवस्थाबाट जोगाउन परम्परागत कुवा, धारा पंधेरा जस्ता पानीको स्रोतहरूको संरक्षणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

➢ जलवायु परिवर्तन अनुकूल क्षमता बढाउन बेमौसमी खेती, जलवायु मैत्री उत्पादन संचालनको लागि आवश्यक अध्ययन गरिनेछ।

**ग) फोहरमैला तथा ढल व्यवस्थापनः**

➢ बढ्दो शहरीकरणसंगै निश्कासन हुने फोहोरलाई वर्गीकरण गर्दै सड्ने गल्ने फोहोरहरुलाई आफ्नै घरबारीमा तथा नसडने फोहरलाई मोहरमा परिणत गर्ने रणनीति अवलम्बन गरी जनचेतनामूलक कार्यक्रम अघि बढाइने छ।

➢ खोला तथा जङ्गलमा फोहोर फयाक्ने कार्यलाई प्रतिबन्ध गरी ल्याण्डफिल्ड साइटको निर्माण मार्फत फोहोर व्यवस्थापन कार्यको सुरुवात गरिनेछ।

➢ फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ। साझेदार संस्थाहरूको सहकार्यमा प्लाष्टिकजन्य वस्तुहरूको प्रयोगको सट्टा विकल्पहरूको खोजी गर्दै कपडा तथा कागजका सामाग्रीहरूको प्रयोगमा प्रोत्साहित गरिने छ।

**घ) विपद व्यवस्थापन**

➢ विपद व्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रूपमा लिई विपद् व्यवस्थापन कोषमा रकम वृद्धि गरी प्रभावित क्षेत्रहरुमा प्रभावकारी काम गर्न विपद् क्षेत्रमा काम गर्ने गैहसरकारी संघ संस्थाहरूसँग सहकार्य गरिनेछ।

➢ विपद् पूर्व सूचना प्रणाली मार्फत प्रत्यक गाउँवासीहरुको नम्बरमा "Alert SMS" सम्प्रेशण गर्ने कार्यको थालनी गरिनेछ।

- विपद् राहात तथा उद्धारको लागि यस गाउँपालिकामा रहेका सामाग्रीहरुको व्यवस्थापन तथा परिचालनको लागि स्थानीय विपद् व्यवस्थापन समितिलाइ क्रियाशिल बनाइनेछ।

- सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक प्रकोपबाट आइपर्न सक्ने विपदमा पूर्वतायारी तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

- नेपाल रेडक्रस सोसाइटी लगायत अन्य सरोकारवाला संस्थाहरूसँगको सहकार्यमा विपद् जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

- गाउँपालिकाबाट सडक निर्माण लगायतका विकास निर्माण कार्य संचालन गर्दा बातावरणीय प्रभाव मूल्यांकन गरी वातावरणमैत्री सडक निर्माण कार्य गरिनेछ।

- महाङ्काल गाउँपालिकाभित्र रहेका वनजङ्गलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता समिति मार्फत सचेतनामूलक कार्यक्रम संचालन गरिने छ।

**५. संस्थागत विकास सेवा प्रवाह र सुशासनः**

**क) सामान्य सेवा**

- "स्थानीय सरकारः नागरिकको घरदैलोको सरकार" को मर्म तथा नागरिक अपेक्षा अनुसारको सेवा तथा सुविधा प्रदान गर्न गाउँपालिकाबाट प्रदान गरिने सेवालाई छिटो, छरितो तथा नागरिकमैत्री र सेवा प्रदायकलाई थप उत्तदायी बनाइनेछ।

- गाउँपालिकाको प्रशासनलाई सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, अनियमिततारहित बनाउदै नागरिक सहभागिताको माध्यमबाट सुशासनयुक्त सार्वजानिक प्रशासन निर्माण गरिनेछ।

- गाउँपालिकाभित्रका कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्ने परिपाटीको विकास गरी पुरस्कृत तथा दण्डित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तथा अन्तर पालिका समन्वयको लागि आवश्यक गोष्ठि तथा भ्रमणको व्यवस्था गरिनेछ ।

- उपचार सहयोग तथा विपन्न आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- भूमिहिन तथा सुकुम्बासीहरूलाई जग्गा धनी बनाउने योजना अन्तर्गत जग्गा धनी प्रमाण पूर्जा वितरण कार्य गरिनेछ।

- गाउँपालिकाको सम्म्रग गतिविधि झल्कने गरी चौमासिक डिजिटल बुलेटिन प्रकाशन गरिने छ।

➤ उत्कृष्ट कार्य सम्पादन र विकास निर्माण गर्ने वडा कार्यालयलाई कामको गुणस्तर हेरी पुरस्कृत गरिने छ।

**ख) सूचना प्रविधिः**

- ➤ सूचना मैत्री प्रणालीको विकास गरी गाउँपालिका, वडा कार्यालय, अस्पताल, स्वास्थ्यचौकी लागायतका कार्यालयहरुबाट सरल र छिटो सेवा प्रवाहलाई विस्तार गर्दै लगिनेछ।
- ➤ सूचना र प्रविधिको माध्यमबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो सम्बोधन गरिने प्रणाली मार्फत सूचनामैत्री कार्यालयको रूपमा विस्तार गरिनेछ।
- ➤ नागरिकहरुलाई सरल रुपमा सूचना तथा जानकारी प्राप्त गर्ने व्यवस्थाको लागि वेवसाइड तथा सामाजिक सञ्जालमा अपलोड गरी सार्वज्ञानिकीकरण गर्ने कार्यको व्यवस्था मिलाइनेछ।

**ग) पञ्जिकरणः**

- ➤ व्यक्तिगत घटना दर्ता प्रणाली लाई कम्प्युटराइज्ड प्रणालीमा आवद्ध गरी वैज्ञानिक अभिलेख पद्धतिको टोल तथा समुदायमा विस्तार गरी घुम्ती सेवाको रुपमा सञ्चालनमा ल्याइनेछ।
- ➤ "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रमलाई प्रभावकारी बनाउन जनचेतना मूलक सन्देशहरू प्रशारण गरिनेछ
- ➤ घुम्ती सेवाको रुपमा प्रत्यक वडामा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न स्थानीय बैंक संगको सहकार्यमा वितरण गर्ने कार्य अगाडी बढाइनेछ।

**घ) स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापनः**

- ➤ गाउँपलिकाको समग्र सूचना संकलन गरी गाउँपालिकाको "डिजिटल प्रोफाइल" निर्माणको कार्यलाई प्रारम्भ गरिनेछ।
- ➤ विगतमा गाविस हुँदादेखिका अभिलेखहरूलाई कम्प्युटराईज गरी सुरक्षित राख्ने प्रयत्न गरिनेछ।

**ङ) सुशासन प्रवर्द्धनः**

- ➤ गाउँपालिकाका कार्यहरूलाई पारदर्शी बनाइने छ। कार्यालयगत सेवा प्रवाहको क्रममा आउने गुनासो व्यवस्थापनको लागि प्रभावकारी संयन्त्रको उचित परिचालन गरी नागरिकलाई सुशासनको अनुभूति दिलाउने गरी कार्य संचालन गरीनेछ।
- ➤ उपभोक्ता समिति मार्फत गरिने योजनाहरूको समिति बनाउँदा अनुभवी, कुशल र स्वच्छ छवी भएका विकासप्रेमी समूहको सहभागितालाई बढि जोड दिइने छ।

- गाउँपालिकाद्धारा संचालित योजना तथा कार्यक्रममा व्यापक जनसहभागिता परिचालन गरिने छ। योजना संचालनमा अनिवार्य रूपमा स्थानीयको लागत सहभागिता हुनुपर्ने नीति अवलम्बन गरिने छ।

- प्रत्येक योजना तथा कार्यक्रममा उपभोक्ताहरूको छुट्टै अनुगमन समिति, प्रत्येक वडामा वडासमिति र गाउँपालिकामा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समिति गरी तीन तहको अनुगमन संयन्त्रबाट सबै योजना तथा कार्यक्रमहरूको अनुगमनको व्यवस्था प्रभावकारी ढंगबाट मिलाइनेछ।

- डिजिटल नागरिक वडापत्रका बारेमा सेवाग्राहीलाई सूचीत गरिनेछ।

- सूचनाको हक सम्बन्धी कानून बमोजिम स्पष्ट प्रयोजन खुलाई सेवाग्राहीले मागेका आवश्यक र उचित सूचनाहरू संभव भए सम्म डिजिटल माध्यमबाट र संभव नभएको खण्डमा स्वयम कार्यालयमा उपस्थित भई मागेको सूचना समयमै उपलब्ध गराइनेछ तर खराब नियत राखी कार्यालयको गोपनियता खलबलाउने खालको औचित्यहीन सूचनाहरू उपर कुनै कारवाही गरिने छैन ।

- गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणका कार्यहरू नियमित रूपमा गरिनेछ ।

- स्थानीय तहहरूबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरूबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ। गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ। विकास कार्यहरूको व्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ।

- वडा कार्यालयलाई नागरिकहरूको पहिलो र नजिकको सरकारका रूपमा विकास गरिनेछ। वडा कार्यालयहरूलाई भौतिक सुविधा सम्पन्न गरिँदै लगिनेछ र आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ।
- गाउँपालिकाद्धारा प्रवाह हुने सेवा तथा राजश्व संकलनमा पारदर्शिता, जवाफदेहिता र नागरिकमा सन्तुष्टि कायम गर्दै करको सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- कार्यकम तथा बजेटको आयव्यय विवरण सजिलै देखिने ठाउँमा टाँस गर्नुका साथै सार्वजनिक सुनवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउदै सार्वजानिक सम्पतिको अभिलेखाङ्कन गर्नको लागि PAMS प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ।
- जिन्सी निरिक्षण कार्यलाई प्राथमिकताकासाथ सञ्चालन गरी मर्मत तथा प्रयोगमा लागत बढाउने सम्पतिलाई लिलाम तथा विक्रि गरी सार्वजानीक खर्चमा प्रभावकारीता ल्याइनेछ।

- भ्रष्टाचारजन्य क्रियाकलापप्रति शून्य सहनशीलताको अवधारणामार्फत सुशासनमा टेवा पुर्याईनेछ । सार्वजानिक खर्चलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीका बिभिन्न औजारहरुलाइ प्रभावकारी बनाईनेछ ।
- आन्तरिक लेखा परिक्षक शाखा मार्फत आन्तरिक लेखा परिक्षणको कार्यलाई विस्तार गरी गाउँपालिकाबाट वडाहरुमा र स्वास्थ्य संस्थाहरुमा नियमित रुपमा सञ्चालन गरिनेछ ।
- विद्युतीय शासन प्रयोगको माध्यामबाट सार्वजानिक सुशासन कायम गरिनेछ ।

**च) अनुसन्धान, विकास र विविधः**

- सम्भावित आयस्रोतको खोजी गरी त्यसको व्यवसायीकरण तथा बजारीकरणलाइ जोड दिइनेछ ।
- स्थानीय सरकार सञ्चालनको मूलआधार स्थानीय आय भएकाले गाउँबासी, उद्योग वाणिज्य संघ, स्थानीय विद्यालयसँग सहकार्य गरी कर सचेतना तथा अभिवृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइनेछ ।
- गाउँपालिकाको समग्र विकासका लागि सामाजिक संघ संस्थाहरूसंगको सहकार्यलाई जोड दिइनेछ । गाउँपालिकामा कार्यक्रम स्वीकृत गराएका संघसस्थाहरूसँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ भने, गाउँपालिकामा समन्वय नगरी यस क्षेत्रमा कार्यक्रम सञ्चालनको लागि रोक लगाइनेछ ।
- गाउँपालिकाको आन्तरिक आय अभिवृद्धि गर्न आन्तरिक आय सुदृढीकरण कार्ययोजना अनुरूप करको दायरालाई नागरिक क्षमताको आधारमा सहभागितामूलक करनीति अवलम्बन गरिनेछ ।

अन्त्यमा,

गाउँपालिकाको सम्बृद्धिको कार्यमा अगाडी बढीरहेको अवस्थामा यस आर्थिक बर्षको पहिलो चौमासिकमा नै अकल्पनीय विपत्ती भोग्नु पर्यो हामीले वर्षौदिखि नदेखेको, नभोगेको विपद् जसको असर आगामी कँयौ बर्षसम्म पर्दै जाने महासुस गरेका छौं । तथापी पनि महाङ्काल र महाङ्काल बासीहरुको सम्बृद्धि र विकास तर्फ हाम्रा सीमित स्रोत र साधनको अत्याधिक प्रयोग गर्दै प्रभावकारी नतिजा दिनको लागि आगामी दिनहरुमा लागि पर्ने प्रतिवद्वता व्यक्त गर्दै, आर्थिक वर्षको शुरूमा नै योजना बनाएर काम सुरू गर्ने र समयमा नै गाउँपालिकाका सबै कार्यक्रमहरू सम्पन्न गरी संघीय सरकारको "सुखी नेपालीः समृद्ध नेपाल" को दीर्घकालिन लक्ष्य र "सुशासन, सामाजिक न्याय र सम्बृद्ध" बनाउने १६ औं योजनाको लक्ष्यलाइ आत्मसाथ गर्दै "विविधतामा एकताः सुशासन र सम्बृद्धि हाम्रो प्रतिवद्वता" भन्ने गाउँपालिकाको आर्दश वाक्यलाई सार्थकता प्रदान गर्न कृषि र पर्यटन केन्द्रित बजेटमार्फत गाउँवासीहरुलाई व्यावसायिक बनाउँदै आत्मनिर्भरता तर्फ अग्रसर बनाउने नीति अवलम्वन गरेको छु ।

प्रस्तुत नीति तथा कार्यक्रमलाई आत्मसात् गर्दै यस गाउँपालिकाका स्थानीय बासिन्दा, समाजसेवी, जनप्रतिनिधि तथा कर्मचारीहरू दृढ इच्छाशक्तिले लागेमा महाङ्काल गाउँपालिका समृद्ध गाउँपालिका हुन लामो समय कुर्नु नपर्ने विश्वास मैले लिएको छु । "विनास पछि विकास" भन्ने भनाइलाई मनन् गर्दै सामाजिक सदभाव र एकताबाट सामुहिक रूपमा विकासको खोजीमा जुट्नु पर्छ तबमात्र विपद्ले निम्त्याएको प्रतिकुल अवस्थाको

बावजुद विकासको मार्गमा अघि बढन सकिन्छ भन्ने हाम्रो मान्यता छ। प्रस्तुत नीति तथा कार्यक्रमको जगमा टेकेर बन्ने सम्पूर्ण योजनाहरूको सफल कार्यान्वयनमा आम उपभोक्ताहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछु। अबको केहि वर्षमा महाङ्काल एउटा समृद्ध पर्यटकीय गाउँपालिका बन्नेछ भन्ने आम गाउँबासीहरूमा विश्वास दिलाउँदै स्थानीय सरकारको विकास अभियानमा जुट्न आम महाङ्कालवासीलाई अनुरोध गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैको रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद!
गणेश वहादुर के.सी.
अध्यक्ष
२०८२ साल आषाढ ०८ गते रोज १ शुभम्।